**Nepalese Culture**
**Vol. 15 : 87-106, 2022**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v15i1.48547**

# पशुपतिक्षेत्रका गुफाहरूको सांस्कृतिक अध्ययन

**डा. निर्मला पोखरेल**
उपप्राध्यापक
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रि.वि.
Email: nirmala.pokharel33@gmail.com

## लेखसार

*नेपाल पवित्र गुफाहरूको देश भनेर चिनिन्छ । यहाँ हजारौंका संख्यामा साना- ठूला गुफाहरू देशैभरी छरिएर रहेका छन् । यी गुफाहरू विभिन्न कलाकृतिहरूले भरिभराउ हुनका साथै साधकहरूको साधनास्थल पनि हुन् । भारतका कतिपय प्राचीन गुफाहरू कलाकृति र साधनास्थलका दृष्टिले संसार प्रसिद्ध छन् । त्यहाँका गुफाका भित्तेचित्रहरू, मूर्तिहरूका माध्यमद्वारा प्रकट गरिएको प्रेम, लज्जा, हर्ष, उल्लास, शोक, उत्साह, घृणा, क्रोध, भय, आश्चर्य, चिन्ता, विरह, विरक्ति, शान्ति आदिको अभिव्यक्ति प्रकट गरिएका मूर्तिहरू उत्कृष्ट मानिन्छन् ।*

*काठमाडौँ उपत्यकामा मात्रै पनि सयौंका संख्यामा गुफाहरू यत्रतत्र छरिएर रहेका छन् । चोभार गल्छीक्षेत्र, पशुपतिनाथको वागमतीतटक्षेत्रका गुफाहरू, स्वयम्भूको शान्तिपूरगुफा, नागार्जुन पर्वत क्षेत्रका गुफाहरू, भक्तपुरको हयगृवगुफा, फर्पिङको शिखरनारायण र असुर/ गोरखनाथ गुफा, साँखु वज्रयोगिनी, शिवपुरीआदि क्षेत्रका गुफाहरू उपत्यकाका केही प्रसिद्ध गुफाहरू हुन् । यी वाहेक उपत्यकाका अन्य क्षेत्रहरूमा पनि गुफाहरू यत्रतत्र छरिएर रहेका छन् जसको अझै अनुसन्धान हुन जरुरी छ । यी मध्ये दर्जनौंको संख्यामा रहेका पशुपतिक्षेत्रका गुफाहरूको महत्त्व हिन्दू, बौद्ध लगायत सबै धर्म र सम्प्रदायका धर्मावलम्वीहरू, स्वदेशी र विदेशी सबैका लागि उत्तिकै रहेको पाइन्छ । यहाँका गुफाहरूमा प्रसिद्ध बौद्ध साधकहरूले पनि साधना गर्ने गरेका छन् । शिवजीको कृडाभूमि यो क्षेत्रमा शक्ति सहित भएर उनी रहन लागेपछि अरु देवीदेवताहरू पनि उनकै सामिप्यमा यहीं रहन लागे । यिनै कारणले सबै प्रकारका साधकहरूका लागि यो क्षेत्र आकर्षणको केन्द्र वन्यो । विशेषगरी ध्यान, योग र साधनाकालागि यहाँका गुफाहरूको प्रयोग हुँदै आएका छन् । पाण्डवहरूले समेत गुप्तवासको अवसरमा यस क्षेत्रका मृगस्थली, ध्रुवस्थली आदि स्थानका गुफाहरूमा केही समय व्यतीत गरी तपश गरेको जनविश्वास रहँदै आएको छ ।*

*अधिकांश गुफाहरू अँध्यारा र एकान्तस्थलमा हुनेहुँदा त्यहाँ विविध प्रकृतिका व्यभिचार हरू हुने, दुर्व्यसनीहरूले अखडा जमाउने, अपराधीहरूले आश्रयस्थल बनाउने जस्ता कृयाकलापहरू पनि हुने गरेको पाइन्छ ।*

*पशुपतिक्षेत्रका गुफाहरूमा पनि यस प्रकृतिका घटनाहरू वारम्वार घटिरहेका र हालसम्म पनि सो क्रम रहिनै रहेको महसुस गर्न सकिन्छ ।*

*प्राचीन र महत्त्वपूर्ण पशुपतिक्षेत्रका गुफाहरू लगायत अरु केही गुफाहरूको बारेमा विशेषगरी प्रत्यक्ष अवलोकन गरेर गरिएको यस अध्ययनबाट आंशिकरूपमा मात्र भएपनि जानकारी गराईएको छ ।*

**शब्दकुञ्जी :** गुफाहरू, तिलोपा, नारोपा, वासुकी, भागलभुगल गुफाहरू, अजन्ताका गुफाहरू, बौद्ध साधक, उपत्यकाका गुफाहरू

## पृष्ठभूमि

भीर, पहरा, चट्टान तथा जमिनभित्रको ओडार वा सुरुङलाई गुफा भनिन्छ । यस्ता गुफाहरू  प्राकृतिक, कृतिम (मानव निर्मित) र अर्ध-प्राकृतिक पनि हुन्छन् । प्राकृतिक रूपमा रहेका चट्टानका केही वस्नहुने स्वरूपलाई परिमार्जन गरेर अर्ध प्राकृतिक गुफाहरू निर्माण गरिएका हुन्छन् । मानवले प्रयोग गर्दै आएका अधिकांश गुफाहरू कुनै न कुनै स्तरमा स्तरोन्नति गरिएका छन् । आदिम युगदेखि नै प्राकृतिक गुफामा वसोवास गर्न थालेका मानवले पछि-पछि गएर चट्टानलाई ताछेर, काटेर, केही वस्तुले छोपेर, थपेर, ढाकेर, ओतलगाएर मिलाई अर्ध-कृतिम गुफा निर्माण गरेर पनि वस्न थाले । यस्ता गुफाहरू  विशेष गरेर नदी, जङ्गल, एकान्तस्थल, सुरम्य वातावरण, उन्मुक्त आकाश भएका स्थानमा निर्माण गरिएका पाइन्छन् । आकृतिमा यिनीहरू मुख साना भएपनि लामा, फराकिला, अग्ला, गहिरा, तह-तह परेका, एक द्वारबाट प्रवेशगरी अर्कै द्वारबाट निस्कन सकिने, पस्ने र निस्कने मुख एकै र अलग-अलग भएका सयौं प्रकृतिका पाइन्छन् । यिनीहरू पस्ने र निस्कने मुख सँगसँगै भएका देखि सयौं देखि हजारौं किलोमीटर टाढासम्म निस्कन सकिने प्रकृतिका रहेका स्वरूपमा प्राप्त छन् । यतिमात्र नभै एक देशबाट पसेर अर्को देशमा निस्कन सकिने मान्यता सम्म रहेको पाइन्छ । तर हालका दिनमा यस्ता मान्यता भएका लामो दूरीमा निस्कन सकिने प्रकृतिका गुफाहरूको अनुसन्धानबाट पुष्टि गर्न जरुरी देखिन्छ ।

भारतका उत्तर तथा मध्यप्रदेशमा प्रागऐतिहासिक कालका मानवहरू वसोवास गरेका अनेकौं गुफाहरू प्राप्त भएका छन् । यी गुफाहरूमा तात्कालीन मानवले आफ्ना जीवनसँग सम्बन्धित विविध घटनाहरू समेटेर गुफाका भित्ताहरूमा चित्रहरू कुँदेका पाईएको छ । यिनीहरूमा मूख्य विषय वन्य पशुहरूको शिकार गर्दै गरेको, आपसमा युद्ध गर्दै गरेका मानिस, धार्मिक अनुष्ठान वा पूजाको, विभिन्न जनावरहरूको आकृतिआदि रहेका छन् (श्रीवास्तव, १९९० पृ.१६८) । पहाडी चट्टानलाई काटेर ताछेर आवासका लागि गुफा बनाउने चलन भारतमा मौर्यकालदखि प्रारम्भ भएको मानिन्छ (उही, पृ.१४०) । नेपालमा पनि यस्ता प्राग-मानवहरू वसोवास गरेका गुफाहरू अवश्य हुन पर्ने संकेत मिल्दछ ।

मानवले वासस्थान निर्माण गर्ने कलाको विकास गरे सँगै  विस्तारै उनीहरू इच्छित आवासहरू निर्माण गरेर त्यतै वसोवास गर्न थाले । अर्कातिर प्राकृतिक र कृतिम दुवै प्रकारका गुफाहरू भने साधक, योगी, भिक्षुहरूका लागि चिन्तन, मनन, ध्यान गर्ने प्रीय स्थलका रूपमा परिवर्तित हुँदै गए । यही क्रममा अनेक किसिमका कलाकारिताले भरिपूर्ण अति आकर्षक र भव्य गुफाहरू निर्माण हुने क्रम पनि बढ्दै गयो । सदियौं अघिदेखि निर्माण हुँदै आएका यस्ता सयौं गुफाहरू अत्यन्त कलात्मक भव्य विहार, चैत्य, मन्दिर, मूर्ति, भित्तेचित्र

आदिले सजिसजाउ भएर संसार प्रसिद्ध समेत रहेका छन् । यस्ता गुफाहरूमा भारतका अजन्ता, एलोरा, बाघ, बादामी लगायतका पर्दछन् । जहाँ सयौं मानिसहरू एकै पटक वसेर भेला, सम्मेलनआदि समेत गर्न सकिन्छ । नेपालमा पनि हजारौं गुफाहरू यत्रतत्र छरिएर रहेका छन् तर यस बारेमा खास अध्ययन हुन भने हुन सकेको छैन । यसै परिप्रेक्षमा सदियौं देखि अस्तित्वमा रहेका, हजारौं विशिष्ट साधकहरूले साधना गरेका, ज्यादै महत्त्वका पशुपतिक्षेत्रका गुफाहरूको बारेमा पनि हालसम्म विशेष अध्ययन हुन सकेको छैन । तसर्थ यस अभावको आंशिक मात्र भएपनि परिपूर्तिका निम्ति गुफा संस्कृति र पशुपतिक्षेत्रका गुफाहरू शीर्षकको प्रस्तुत लेख तयार गरिएको हो ।

## अनुसन्धानका समस्या

नेपालका केही गुफाहरूको सामान्य अध्ययन भएतापनि अनेकौं महान् तपस्वीहरूले तपस्या गरेका पशुपतिक्षेत्रका गुफाहरू बारेमा हालसम्म पर्याप्त अध्ययन हुन सकेको छैन । मूलतः यस अनुसन्धानमा पशुपतिक्षेत्रका गुफाहरूको अध्ययन गरिएको भएतापनि सन्दर्भवस उपत्यकाका केही र भारतको अजन्ता गुफाहरूको समेत यहाँ चर्चा गरिएको छ । गुफा केहो र कस्ता प्रकृतिका हुन्छन् ? यहाँ भित्र कस्ता-कस्ता कलाकृति हुन्छन् ? पशुपतिक्षेत्रका गुफाहरू कस्ता छन् ? भन्ने जस्ता जिज्ञासाहरूको समाधान र अनुसन्धान अभाव परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको हो ।

## अनुसन्धानका उद्देश्य

प्रस्तुत लेख गुफा सम्बन्धी विविध तथ्यहरूवारे जानकारीका लागि तयार पारिएको हो । सोही क्रममा यहाँ अजन्ताका गुफाहरू देखि लिएर नेपालका साथै उपत्यकाका गुफाहरूका वारेमा जानकारी गराइएको छ । यी सन्दर्भहरू सामान्य उद्देश्य अन्तर्गत पर्दछन् । लेखको विशिष्ट उद्देश्य भने पशुपतिक्षेत्रका गुफाहरूका बारेमा अनुसन्धान गरी तिनीहरूको विविध पक्षहरूको अन्वेषण गर्नु हो । यसक्रममा यहाँस्थित गुफाहरूको अवस्थिति, यहाँ भित्र रहेका कलाकृति, हालको अवस्था, साधकहरूको आगमन सम्बन्धी पहिचान गर्नु हो ।

## अनुसन्धान विधि

यो अध्ययन गुणात्मक शोध पद्धतिमा अनुवन्धित रहेको छ । सूचना प्राप्तिका लागि यहाँ प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क प्रत्यक्ष अवलोकन, गुफाहरूसँग सम्बन्धित साधक, दर्शनार्थी, भक्तजनसँग अन्तर्वार्ता, फोटोग्राफीबाट सङ्कलन गरिएका छन् । द्वितीयक तथ्याङ्क पत्रपत्रिका, पुस्तक, लेखरचनाआदिका पूर्वकार्य समीक्षाबाट लिइएका छन् ।

## मुख्य प्राप्ति

प्रकृतिमा रहेका अनेकौं आश्चर्यजनक भौगोलिक वनावटहरू मध्ये गुफा पनि एक हो । यस्ता गुफाहरूलाई मानवले विभिन्न कालखण्डमा विविध प्रकारले प्रयोग गर्दै आएका छन् । प्रारम्भमा आफ्नो सुरक्षाको लागि गुफामा वस्न थालेको मानवले विस्तारै आफु आवास निर्माणगरी वस्न थालेपछि यसलाई धार्मिक

प्रयोजनमा वढि प्रयोग गर्न थाल्यो । एउटै गुफामा के तान्त्रिक, के हिन्दू, के बौद्ध सबैले साधना गरेको पाइन्छ र हालका दिनसम्म आईपुग्दा पर्यटकीय दृष्टिले समेत गुफाको महत्त्व वढेको कुरा अध्ययनले पुष्टि गरेको छ ।

## भारतका केही प्रमुख गुफाहरू

### अजन्ताका गुफा

भारतको महाराष्ट्रको अजन्ता नामक गाउँमा बाघोरा नदीको किनारस्थित चट्टानलाई ताछेर र काटेर मिलाई ३० वटा गुफाहरू निर्माण गरिएका छन् । सन् १८२४मा जनरल सर जेम्सले यो गुफा पत्ता लगाएर संसारलाई जानकारी दिए । विभिन्न कालमा निर्मित यी गुफाहरूमा विभिन्न कालखण्डका कलाकृतिहरू रहेका छन् । ई.पू.दोश्रो शताब्दी देखि ईस्वीको सातौं शताब्दीसम्मका कलाकृतिहरूले भरिएको यहाँका प्रमुख कलाहरूमा वौद्धधर्मसँग सम्बन्धित चैत्य, विहार, चित्र र मूर्तिहरू पर्दछन् । यी मध्ये यहाँ प्राप्त चित्रहरू विषेश प्रकृतिका र जातक कथामा आधारित वुद्ध तथा वोधिसत्वका रहेका छन् । ती बाहेक विविध वर्गका मानिस र तीनका भावनाहरूलाई यहाँ चित्रद्वारा उत्कृष्ट ढङ्गले प्रस्तुत गरिएको पाईएको छ । यहाँ भिक्षु, ब्राम्हण, राजा तथा राजपरिवार, परिचारक-परिचारिका, सिकारी, तपस्वी, अप्सराआदिका माध्यमद्वारा प्रेम, लज्जा, हर्ष, उल्लास, शोक, उत्साह, घृणा, क्रोध, भय, आश्चर्य, चिन्ता, विरह, विरक्ति, शान्ति आदिको यभिव्यक्ति सुन्दर ढङ्गले प्रकट गरिएको छ (श्रीवास्तव, १९९० पृ.१७४) । गुफा भ्रमणका लागि वर्षमा लाखौं पर्यटकहरू यहाँ आउने गर्दछन् । यहाँ स्थित विभिन्न कलाकृतिहरू मध्ये चित्रकलाहरूका ख्याति संसारभर रहेको छ । यहाँका सवै चित्रहरू उत्तिकै महत्त्वका रहेतापनि गुप्तकालीन निम्न चित्रहरू संसारभर प्रसिद्ध छन् :

**महाभिनिष्क्रमण :** यसमा सिद्धार्थले पत्नी यशोधरा र पुत्र राहुललाई निद्राको अवस्थामा छोडेर निस्कनु अगाडि अन्तिम पटक मोहरहीत भावले हेरेको दृश्य अंकित गरिएको छ ।

**मारविजय :** गुफाको एक भित्तामा १२फीट अग्लो र ८ फीट लामो मार (कामदेव समान तपस्या भंग गर्न सक्ने बौद्ध देवता)का सेना, उसका परमसुन्दरी छोरीहरू चित्रित गरिएको छ ।

**पद्मपाणी वोधिसत्व :** त्रीभंग मुद्रामा रहेको दायाँबाहुमा नीलकमलपुष्प धारण गरेको, पाखुरामा केयुर, नारीमा वाला, गलामा हार, कानमा कुण्डल, शीरमा भव्य मुकुट धारण गरेको, अर्धउन्मिलन नेत्रको यो चित्र अत्यन्त आकर्षक र करुणाले भरिएको सजीव रहेको छ ।

**प्रेमिल जोडी :** हातमा मधुपात्र धारण गरेको प्रेमीले उक्त पात्र प्रेमिकालाई दिदै गरेको, प्रेमपूर्ण भावमा एक-अर्कामा लपक्क टाँसिएर वसेका प्रेमिल जोडीको यो चित्र सजीव र आकर्षक रहेको छ ।

**नन्दपत्नीको अत्यन्त दुखित चित्र :** सिद्धार्थका भाई नन्द सुन्दर स्त्रीमा अत्यन्त लम्पट थिए । कालान्तरमा सिद्धार्थले दीक्षा दिएपछि उनी सांसारिक जीवन त्यागेर भिक्षु बने । यसवाट उनकी सुन्दर पत्नी विरह र वेदनाले मरणासन्न हुन पुगेको चित्र यहाँ मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । मरणासन्न राजकुमारीका नाममा यो चित्र प्रसिद्ध रहेको छ । यी वाहेक यहाँ अन्य चित्रहरू पनि प्रसस्त रहेका छन् ।

## बाघगुफा

बाघ भारतको मध्यप्रदेशको ग्वालिएर जिल्लामा विन्ध्य पर्वतको दक्षिणी ढलानमा रहेको छ । नर्मदा नदीको सहायक बाघ नदीको तटमा रहेकाले यी गुफालाई बाघगुफा भनिएको हो । यहाँ छैटौं शताब्दीमा निर्माण गरिएका ९ गुफाहरू रहेका छन् (श्रीवास्तव, १९९० पृ.१७१) । यहाँ प्राप्त चित्रहरू तात्कालीन समयका अजन्ताका गुफाहरूमा प्राप्त चित्रहरूसँग मिल्दाजुल्दा रहेको मानिन्छ । यहाँ प्राप्त रूँदै गरेकी शोकाकुल स्त्री र उनलाई सान्त्वना दिँदै गरेकी उसकी साथीको चित्र अत्यन्त भावपूर्ण मानिन्छ । यहाँ चित्रण गरिएका हात्तीका दल, पद्मपाणी वोधिसत्वको मुखमुद्रा प्रसिद्ध छन् (उही पृ.१७१-७२) ।

## बादामी गुफा

भारतको महाराष्ट्रस्थित बादामी नामको स्थानमा प्राप्त गुफाहरूमा विभिन्न मन्दिरहरू निर्माण गरिएका छन् तिनका भित्तामा विभिन्न भावका भाव-प्रधान चित्रहरू अंकन गरिएका छन् । जसमा राज-समाज, सिंहासनासिन राजा-रानी, नृत्य गर्दै गरेका नृत्यकारहरू, दायाँ हात खम्वामा लपेटेर आकाश तर्फ नियाली रहेकी स्त्री उल्लेखनीय छन् ।

## पीतलखोरा

भारतको औरंगबादबाट चालिसगाँउ जाने बाटोमा रहेको शतमाला नामको पहाडमा १३ गुफाहरू रहेका छन् । यो स्थानको पुरानो नाम पीतंगल्य थियो । कालान्तरमा यो पीतलखोरा गुफा नामले प्रसिद्ध भयो । यहाँका गुफाहरूमा प्राप्त चैत्य र बिहारहरू, हाँसिरहेको यक्ष, किंकर, दुई हात्तीद्वारा सेवित गजलक्ष्मी लगायतका कलाकृतिहरू प्रसिद्ध छन् (अग्रवाल, २०१५ पृ.२०४-५) ।

भारतका विभिन्न क्षेत्रहरूमा रहेका हजारौं-हजार गुफाहरू मध्ये कलाकृतिका दृष्टिले अजन्ता, एलोरा, बाघ, वादामी, औरंगावाद, सित्तन्नवासल, पीतलखोरा, बेडसा, कार्ले, जुन्नार, कन्हेरी लगायत स्थानका गुफाहरू संसार प्रसिद्ध छन् ।

## नेपालका गुफाहरू

नेपाल पवित्र गुफाहरूको देश भनेर चिनिन्छ । लेप्चा भाषामा 'ने' को अर्थ पवित्र र 'पाल' को अर्थ गुफा भन्ने हुन्छ र यो देश पवित्र गुफै-गुफाले भरिएको हुनाले यसलाई ने र पाल अर्थात पवित्र गुफाको देश, 'नेपाल' भनिएको हो (पोखरेल, वि.सं. २०७२ पृ. ३१) । वास्तवमा नेपालमा हजारौंका संख्यामा ठूला-साना गुफाहरू यत्रतत्र छरिएर रहेका छन् । वन्दिपुरको सिद्ध गुफा नेपालको सबैभन्दा ठूलो र एशियाको दोश्रो ठूलो गुफा भित्र पर्दछ । यो गुफाको उचाई जमिनको सतहबाट ५० मीटर र गहिराई ३३७ मीटर रहेको कुरा गुफा परिसरमा टाँसिएको वोर्डवाट जानकारी हुन्छ (प्रत्यक्ष अवलोकन) । गोरखाको गोरखा दरवार क्षेत्रमा रहेको गोरखनाथ गुफा लिच्छविकालीन अभिलेख भएका कारणले प्रसिद्ध रहेको छ । यहाँ संवत् १२२ मा राजा शिवदेव द्वितीयले अभिलेख राखेका हुन् (वज्राचार्य, वि.सं. २०५३ पृ.५२५) । त्यसैगरी लगभग ३००० वर्ष पहिला निर्माण भएका मुस्ताङमा दशहजार अनौठा र रहस्यमय कृतिम गुफाहरू रहेका छन् । जमिनवाट ११५ फीट भन्दा माथि रहेका यी गुफाहरू कसले र किन बनाए, यहाँ मानिसहरू कसरी वसोवास गर्दथे आजसम्म त्यसको रहस्य खुल्न सकेको छैन । यहाँ

लगभग २००० वर्ष पूर्वका मानिसका हस्तीहाडहरू प्राप्त भएका छन् । जुन हाल मुस्ताङको ईकोम्युजियममा राखिएका छन् । संसारका रहस्यमय गुफाहरू मध्ये यो पनि एक मानिन्छ । प्रदेश नं. १ अन्तर्गत खोटाङ जिल्लामा रहेको हलेसी महादेवस्थान गुफामा रहेको छ । यो देवस्थलको एकैठाउँमा तल र माथि २ वटा ओढार स्वरूपमा गुफाहरू रहेका छन् । माथिल्लो गुफा विशाल खाडल जस्तो र तल्लो तेर्सो ओडार जस्तो रहेको छ । माथिल्लो महादेवको र तल्लो पार्वतीको गुफा मानिन्छ । ओसिलो र पानी तप-तप चुहिने यी गुफा प्राचीन प्राकृतिक गुफा हुन् । यहाँ हिन्दू र बौद्ध दुवै धर्मावलम्वीहरूको आस्था रहेको छ । बौद्ध गुरु पद्ममसम्भवले यहाँ आएर तपस्या गरेको विश्वास गरिन्छ । त्यसैगरि पोखराको महेन्द्र, चमेरे, गुप्तेश्वर लगायतका गुफाहरू पनि पर्यटकीय दृष्टिले निकै आकर्षक मानिन्छन् । यी बाहेक पनि नेपालमा हजारौंको संख्यामा साना-ठूला गुफाहरू देशै भरी यत्रतत्र छरिएर रहेका छन् । त्यसैले नै नेपाललाई गुफाहरूको देश भनिएको हो ।

## काठमाडौँ उपत्यकाका केही प्रमुख गुफाहरू

काठमाडौँ उपत्यकामा सयौंका संख्यामा गुफाहरू यत्रतत्र छरिएर रहेका छन् । कीर्तिपुरस्थित चोभार गल्छी क्षेत्र, पशुपतिनाथको वागमती तट क्षेत्र, जहाँ एकै स्थानमा दर्जनौंको संख्यामा गुफाहरू रहेका छन् । चोभारको वागमती नदीको पानी निस्कने गल्छी क्षेत्रमा रहेका गुफाहरू उपत्यकाका प्रसिद्ध गुफाहरू मध्ये एक हुन् । यहाँस्थित गुफाबाट वागमती नदी वारपार गर्न सकिने र गुफामार्गबाट नै चोभार डाँडास्थित आदिनाथ मन्दिर सम्म पुग्न सकिने मान्यता रहँदै आएको छ । तर यो कुरालाई हालसम्म प्रमाणित भने गर्न सकिएको छैन । नदीमा पानी घटेको अवसरमा नदी भित्र छाम्दा सम्म खाटजस्तो भेटिने कुरा दशकौंदेखि त्यही क्षेत्रमा वसोवास गर्दै आएकी हस्त कुमारी खड्का बताउँछिन् । गहिरो अनुसन्धान हुनसकेको खण्डमा यी तथ्यहरू प्रमाणित हुन सक्दछन् । गुफाभित्र यहाँ केही शिवलिङ्ग लगायतका मूर्तिहरू पाइनाले यी गुफामा कुनै समयमा योगी, साधकहरूले साधना गरेको हुनसक्ने देखिन्छ ।

स्वयम्भू स्तूप क्षेत्रमा रहेको शान्तिपूर भवन भित्र तह-तह परेको तान्त्रिक गुफा रहेको मान्यता छ । तन्त्रसाधकहरू मात्र यहाँ प्रवेश गर्न सक्ने जनविश्वास रहँदै आएको यस गुफामा राजा प्रताप मल्ल प्रवेश गरी उनको समयमा लागेको खडेरीबाट राष्ट्रलाई जोगाएको कुरा निकै प्रसिद्ध छ । पछि राजा रणवहादुर शाह पनि गुफामा प्रवेश गर्न खोज्दा असफल भई आत्तिदैं चिच्याउँदै-कराउँदै गुफा वाहिर निस्किएको कहावत पनि उत्तिकै रोचक र प्रसिद्ध रहँदै आएको छ ।

नागार्जुन पर्वत क्षेत्र गुफाहरूको लागि चर्चित छ । यो पर्वतको चुचुरो, फेद र वरपर केही गुफाहरू रहेका छन् । पर्वतको चुचुरोमा सानो र ठूलो दुई, फेदमा एक, पश्चिमी दिशातर्फ एक लगायतका अरु गुफाहरू पनि यहाँ रहेका छन् । यो क्षेत्रको ख्याती विशेष गरेर बौद्ध तीर्थको रूपमा रहेको भएता पनि केही गुफाहरूमा हिन्दूहरूका पनि देवी देवता रहेका, ठूले एकादशीमा मेलालाग्ने गरेको स्थानीय वासिन्दाहरू बताउँछन् । यहाँका बौद्ध मूर्तिहरू, चैत्यका अवशेषहरू लिच्छवि र मल्लकालताकाका देखिन्छन् । भारतीय सिद्ध नागार्जुन (८४ सिद्ध मध्ये एक) काठमाडौँ आउँदा यही डाँडाको गुफामा साधना गरी बसेका हुँदा उनैको सम्मानमा यो डाँडाको नाम नै नागार्जुन राखिएको मानिन्छ । काठमाडौँमा अनावृष्टि भएको अवसरमा स्वयम्भूका बुद्धाचार्यहरूले यहाँ विशेष पूजा गरेमा वर्षा हुने विश्वास रहँदै आएको छ । यो डाँडाको फेदमा रहेको एक गुफामा दुई मार्ग रहेको

र एक मार्गबाट स्वयम्भू स्तूप सम्म पुग्न सकिने र अघि यही मार्गबाट सिद्धपुरुषहरू आवत-जावत गर्ने गरेको कुरा बुढापाकाहरू बताउँछन् ।

भक्तपुर सालीनदी नजिकै पञ्चमहालक्ष्मी मन्दिर पछाडि हयगृव नामक गुफा रहेको छ । यो गुफालाई हय=घोडा, गृव=गर्धन अर्थात् घोडाको जस्तो गर्धन र मुखाकृति भएको स्वरूपमा लिईन्छ । केहीवर्ष अघिमात्र गुफालाई कलात्मक वनाएर विभिन्न मृग, वाघ, खरायो लगायतका जनावरहरू, लक्ष्मीलाई काखमा लिएका हयगृव; लक्ष्मी, विष्णु आदि देवीदेवताहरू ऋषीमुनी, भक्तहरूका सुन्दर मूर्तिहरूले सजाएर आकर्षीत वनाईएको छ । यहीक्रममा गुफा-प्रवेशद्वारलाई सिंहको मुखाकृतिमा निर्माण गरिएको छ । पर्यटकीय स्थलका रूपमा विकसित भएको यो गुफा प्रवेशकालागि हाल (२०७८/ १२/१०) रु.१०० प्रवेश शुल्कलिई सञ्चालन गरिएको छ (प्रत्यक्ष अवलोकन) । भक्तपुरकै सुडालस्थित ल्हासापाक्व नामको बौद्ध स्थलमा पनि अर्को गुफा रहेको छ । यस गुफामा चीनबाट आएका मञ्जुश्री, तिब्बतबाट आएका मिलरेपाले साधना गरेका थिए भन्ने जनविश्वास रहँदै आएको भएता पनि हाल त्यहाँ बसेर साधना गर्न सकिने प्रकृतिका गुफाहरू भने देखिदैनन् (प्रत्यक्ष अवलोकन) ।

फर्पिङक्षेत्र पनि गुफाकोलागि धेरै प्रसिद्ध रहेको छ । वज्रयानी महासिद्ध पद्मसम्भवले यो क्षेत्रका गुफाहरूमा रहेर साधना गरेकाले यो क्षेत्र बौद्ध तीर्थका रूपमा प्रसिद्ध हुन गएको हो । यहाँ रहेको असुरगुफा जसलाई गोरखनाथगुफा र ऋषितरगुफा पनि भनिन्छ त्यहाँ साधना गरेर उनले डाकिनीहरूलाई वस पारेको कुरा प्रसिद्ध रहेको छ । त्यस्तै उनले फर्पिङ कै अर्को शिखरनारायण /शेषनारायण गुफा जसलाई मङ्गलेश्वर वा गुरुरिम्पोचे गुफा पनि भनिन्छ त्यहाँ पनि साधना गरेका थिए । हाल यी दुबै गुफाहरूक्षेत्रमा भव्य विहारहरू सञ्चालित छन् । यीनै गुफाहरूका कारणले फर्पिङको प्रसिद्धी तिव्वत र चीनसम्म पनि फैलिएको छ । यी गुफाहरूमा दर्शन-पूजन र साधना गर्नकालागि तिब्बत देखि बौद्धसिद्धहरू आउने क्रम अझैपनि जारी नै छ । हाल यस साधना क्षेत्रमा पद्मसम्भवको नेपालकै ठूला मध्ये एक विशाल मूर्ति निर्माण गरिएको छ ।

नेपाल संवत ५११ (वि.सं.१४४७)को गोरखनाथको पादुकासँगै रहेको अभिलेखमा श्रीशिखरापुरी (फर्पिङ) को ऋषितट पहाडको गुफामा असल जोगी श्रीअचिन्तनाथ जसराजले श्रीश्रीश्री गोरखनाथका ढुङ्गाका पादुका वनाइ चढाए भनिएको छ (वज्राचार्य, वि.सं. २०६८, पृ.१८०) । यो क्षेत्र हिन्दू र बौद्ध दुवै धर्मावलम्वीहरूको लागि उत्तिकै महत्त्वको रहेको छ । यहाँस्थित शिखरनारायण गुफाक्षेत्रमा हिन्दू देवीदेवताहरू पनि स्थापित छन् । यहाँ प्राचीन कालदेखि कै विष्णुका विविध स्वरूपका मूर्तिहरू, शिवलिङ्गहरू र अरु देवीदेवताहरूका मूर्तिहरू पनि रहेका छन् । यी मध्ये मध्यकालमा निर्मित विष्णुविक्रान्तको मूर्ति निकै प्रसिद्ध छ ।

काठमाडौँको टोखास्थित झोरमा रहेको सुन्दर झरनासहितको अर्को एक गुफाको हालका दिनमा पर्यटकीय दृष्टिले प्रसिद्धी बढ्दै गएको छ । गुफासँगै झरना भएकोले यसो हुन गएको हो (प्रत्यक्ष अवलोकन) । साँखु वज्रयोगिनी, शिवपुरी, ईचङ्गुनारायणआदि क्षेत्रका गुफाहरूको प्रसिद्धी पनि त्यत्तिकै रहेको छ । यी वाहेक उपत्यकाका अन्य क्षेत्रहरूमा पनि गुफाहरू यत्रतत्र छरिएर रहेका छन् जसको अझै अनुसन्धान हुन जरुरी छ ।

## पशुपतिक्षेत्रका गुफाहरू

पशुपतिक्षेत्र अनेकौं मठ, मण्डप, अखडा, आश्रम, मन्दिर, मुर्ति, सालिक, पाटी, सत्तल, पौवा, द्यःछें, डवली, द्वार, स्तम्भ, घण्टा, चौतारा, ढुङ्गेधारा, कुण्ड, यज्ञकुण्ड, अग्निहोत्र-शाला, अखण्डधुनी, विद्याआश्रम, इनार, जंगल, वगैंचा, अभिलेखहरू, घाट, चोक, पोखरी, पार्क, द्वीप, तीर्थ, समाधि, सतीस्थल (द्वार, वाटो, घाट, गहना, वश्त्र समर्णपण गरिने मन्दिर), ध्यानस्थल, वृद्धआश्रम, कुकुर, साँढे आश्रयस्थल लगायतका अनेकौं मूर्त कलाकृतिहरूले भरिभराउ भएको क्षेत्र हो । विभिन्न युग र कालखण्डको प्रतिनिधित्व गर्ने यहाँका यीनै मूर्त कलाकृतिहरूमध्येमा दर्जनौंको संख्यामा गुफाहरू पनि रहेका छन् । मानव निर्मित अरु मूर्त कलाकृतिहरू समयको लामो कालखण्डमा निर्माण भए, नाश भए, पुननिर्माण भए तर यहाँस्थित अधिकांश चट्टाने गुफाहरू अनन्तकाल देखि साधनास्थलको रूपमा अविछिन्न रहिरहेका छन् ।

करीव १ दर्जन गुफाहरू रहेको पशुपतिक्षेत्र पशुका पति स्वरूपका महादेव र उनकी शक्ति उमाको लिला र कृडा भूमि हो । यो क्षेत्रको प्रसिद्धी हिन्दू धर्मावलम्वीहरूका लागिमात्र नभै बौद्धहरूका लागि पनि उत्तिकै रहेको छ । यहाँका गुफाहरूमा प्रसिद्ध बौद्ध साधकहरूले पनि साधना गर्ने गरेका छन् । यो क्षेत्र शिवजीले मृगका रूपमा विचरण गरी कृडा गरेको, देवताहरू लगायत उमाले समेत उनलाई कैलाश वा काशीमा फर्कन अनुरोध गर्दा पनि यसै क्षेत्रमा आफूले बस्न ईच्छा गरेको कुरा प्रसिद्ध रहँदै आएको छ । यसप्रकार शिवजी यहाँ रहन थालेपछि वत्सलेश्वरी, राजराजेश्वरी, कोटेश्वरी, गुह्येश्वरी, वज्रेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी जस्ता शक्तिहरूको पनि यहाँ आविर्भाव भएको पाइन्छ । अरु देवीदेवताहरू पनि शिवकै सामिप्यमा रहन इच्छुक भएकाले यो क्षेत्रमा शिव, शक्ति र अरु सम्पूर्ण देवीदेवताहरूको निवास रहेको छ । यही क्षेत्रमा भगवान कृष्णले पशुपतिको दर्शन पुजन गरेको, केदारेश्वर ज्योतिर्लिङ्गको शिरोभाग पशुपतिमा विलय भएको र ज्योतिर्लिङ्गको स्वरूपमा पशुपतिनाथ यहाँ विराजमान भएका कुराहरू सर्वविदित छन् ।

शक्ति सहित पशुपतिनाथ र अरु सम्पूर्ण देवीदेवताहरू शिवजीको सामिप्यमा यहाँ रहनलागे पछि अत्यन्त पवित्र मानिएको यस भूमिमा योगी, ध्यानी, सिद्ध, तपस्वी, आचार्य, महात्माहरू योग, ध्यान, जप, पुरश्चरण एवं तपस्या गर्न लालायित भए । सोही कारण यसक्षेत्रमा उनीहरूले साधना, योग, ध्यान, जप, पुरश्चरण एवं तपस्या गर्दै आए र यो क्षेत्रलाई साधनामय, ध्यानमय र योगमय बनाए । कालक्रममा पशुपतिक्षेत्र तपश्चर्या, योग्याभास र ध्यान साधनाका लागि एक सिद्ध क्षेत्र बन्न गयो । पाटी, सत्तल, पौवा, अखडा, आश्रम, मठ आदिको निर्माण हुनु अगाडि देखि नै यहाँ साधकहरूले बृक्षको फेदमा, गुफाहरूमा, पर्णकुटीमा बसेर साधना गर्न थालिसकेका थिए । पछि माथि उल्लेखित विविध प्रकृतिका आश्रयस्थलहरूको निर्माण पश्चात पनि ठूला-ठूला साधकहरू गुफामा नै रहेर साधनागर्न लालायित हुने हुनाले यहाँ स्थित गुफाहरू सँधै भरिभराउ रहने गरेको देखिन्छ । कथन अनुसार पाण्डवहरूले समेत गुप्तवासको अवसरमा यस क्षेत्रको मृगस्थली, ध्रुवस्थली आदि स्थानका गुफाहरूमा केही समय ब्यतीत गरी तपस गरेको मानिन्छ ।

पशुपतिक्षेत्रमा पूर्वी नेपाल भोजपुरका वालागुरु आवाल ब्रम्हचारी षडानन्द अधिकारीले पनि गुह्येश्वरी र वागमती बिचको घना जङ्गल (मृगस्थली बन क्षेत्र) भएको थुम्कोमा गुफा स्वरूपको सानु पर्णकुटी (स्याउला, घाँस, झारपात आदिवाट तयार पारिएको कुटी) निर्माण गरी पानी र हावा मात्र सेवन गरेर २०/२१ वर्षको

उमेरमा तपस्या आरम्भ गरेका थिए (अधिकारी, वि.सं. २०७३ पृ.१४) । पछिल्लो समय यस क्षेत्रलाई बासुकी बाबा, योगानन्द, श्यामचेतन बाबा, क्षिप्रनाथ बाबा, शिवपुरी बाबा, सिद्ध बाबा (बोल्ने पशुपति), तुलसीराम बाबा, रामनाथ अघोरी, त्रिकालदर्शी चुन्चुन बाबा, पगलानन्द बाबा, दुधधारी बाबा आदि जस्ता सिद्ध महात्माहरूले आफ्नो साधना र तपस्थल वनाएका थिए । स्वर्गद्वारी महाप्रभुकी शिष्या लक्ष्मी गिरी, उमाकुण्ड आश्रममा रहेर (वि.सं. २०१६ देखि २०५८ सम्म) लामो समयसम्म तपस्या गरी यही स्थलमा  ब्रम्हलीन भईन् । यही क्षेत्रमा नागिनहरू (नाङ्गा साधुनीहरू)ले अखडा खडागरी साधना गरेका थिए (हाल छैनन्) । यहाँ राजा महाराजादेखि जनसाधारणसम्मले विभिन्न प्रकृतिका साधना गरेका ऐतिहासिक प्रमाणहरू प्राप्त छन् । केही वर्ष अघिसम्म ख्यातिप्राप्त विद्वान महात्माहरू योगी नरहरीनाथ, डा.स्वामी प्रपन्नाचार्य, डा.रामानन्द गिरी जस्ता व्यक्तित्वहरूले यसै क्षेत्रलाई आफ्नो साधनास्थल बनाएर ब्रम्हलीन भए । आश्रम, अखडा, विहारमा रहेर पनि कतिपय योगी-सन्यासीहरू विशेष तिथि मितिहरूमा केही दिन, महिना र वर्ष सम्म पनि एकान्त गुफामा बसी साधना गर्ने हुँदा प्रसिद्ध तीर्थ आसपासका गुफाहरू अधिकांश समय साधकहरूले भरिभराउ हुने गर्दछन् । पशुपतिक्षेत्रमा रहेका गुफाहरू विगतमा यस्तै साधकहरूले सँधै भरिभराउ रहने गरेकोमा केही वर्ष यता देखि भने पशुपतिविकास कोषले योग्य साधु सन्तको अभावमा केही गुफाहरू वन्द गरेको छ ।

## १) पशुपति आर्यघाट देखि सूर्यघाटसम्म रहेका गुफाहरू

पशुपति आर्यघाटबाट उत्तरतर्फ वागमतीको पश्चिमी किनार सूर्यघाटसम्ममा सँग-सँगै ९  प्राकृतिक गुफाहरू र जमिनको सतहवाट करीव ३ फीट उचाईमा २ लघु ओडारहरू रहेका छन् । एक दशक अघिसम्म कैलाश डाँडा तर्फबाट ओर्लिएर मात्र प्रवेश गर्न सकिने यी गुफाहरूमा हाल आर्यघाटतर्फबाट पनि जाने सहज बाटो निर्माण गरिएको छ । जसले गर्दा हाल गुफाहरूमा पुग्न सहज भएको छ । जमीनको सतह भन्दा करीव ३ फीट गहिराई देखि लिएर जमीनको सतहमा र सबै भन्दा अग्लो करीव २० फीट उचाई सम्ममा यहाँका गुफाहरू रहेका छन् । चिल्ला चट्टाने पहरामा रहेका यी गुफाहरूलाई कुनै न कुनै स्तरमा परिमार्जन गरेर विशेष सुबिधायुक्त र सहज बनाइएको छ । हजारौं हजार वर्ष अगाडि देखि ऋषिमुनिहरू, हिन्दू तथा बौद्ध ख्यातिप्राप्त साधकहरूले तप गर्दै आएका यो क्षेत्रका गुफाहरू एउटा छुट्टै साधनास्थलको रूपमा बिकसित भएको पाइन्छ । पशुपति विकास कोषले सूर्यघाट र यसैको पारिपट्टि रहेको मृगस्थली (सिद्धाचल) क्षेत्रलाई तपस्थलीका रूपमा विकसित गर्ने र यहाँका गुफा र पाटीहरूलाई तपस्चर्याका लागि सुविधायुक्त वनाउने लक्ष्य लिएको कुरा पशुपति विकास कोषको गुरुयोजनामा उल्लेखित छ (गुरुयोजना, वि.सं. २०७७ पृ. १२०) । सूर्यघाट परिसरमा निम्नानुसार गुफाहरू रहेका छन् जसको चर्चा तल गरिएको छ :

### वासुकि गुफा :

वासुकि गुफा पशुपति परिसरमा रहेको वासुकि मन्दिरको पछाडितर्फ चट्टाने पहरामा वागमती नदीतर्फको जमिनबाट करिव २० फीटको उचाइमा अवस्थित छ (चित्र नं.३) । अग्लो स्थानमा रहेको यस गुफाको नाम वासुकि मन्दिरको नामबाट रहन गएको हो । गुफामा वागमती किनार र वासुकि मन्दिर दुईपट्टिवाट आउन सकिन्छ । प्रसिद्ध वासुकि बाबाले यही गुफामा बसेर साधना गरेका थिए । उनी सिद्ध योगी भएको र यही गुफामा रहेर साधना गरेको कारणले उनको वास्तविक नाम नै ओझेलमा परेर उनी बसेको यही वासुकि गुफाको नाममा उनी वासुकि बाबा नामले प्रसिद्ध रहे । उनको समाधी पनि यहीं गुफा भित्र रहेकोले यो ‘समाधी गुफा’

हो । उनी अघि यहाँ हजारौं र पछि पनि अनेकौं साधकहरूले साधना गरेको यो गुफामा विगत ६-७ वर्षदेखि कोही साधकहरू पनि लामो समयको लागि भने वसेका छैनन् (प्रत्यक्ष अवलोकन) । गुफाभित्र प्राचीन शिवलिङ्ग, त्रिशुल लगायतका वस्तुहरू रहेका छन् । हाल यस गुफामा पशुपति विकास कोषले ताला लगाएर वन्द गरेको छ (प्रत्यक्ष अवलोकन (२०७८/१२/१७) ।

### वंगालीबाबा गुफा

वासुकि गुफासँगै उत्तरतर्फ, जमिनवाट करीब ३ फीट उचाईमा रहेको यो गुफामा धेरै साधकहरूले साधना गरेका थिए । पछिल्लो समयमा यस गुफामा वंगालीबाबाले साधना गरेको हुँदा यसलाई वंगालीबाबा गुफा पनि भनिन्छ । हाल यस गुफामा पशुपति विकास कोषले ताला लगाएर वन्द गरेको छ (प्रत्यक्ष अवलोकन (२०७८/१२/१७) ।

### तिलोपा र नारोपा गुफा

एघारौं शताब्दी ताकाका अतिसा दिपंकर, तिलोपा र नारोपा (गुरु चेला) समकालीन हुन् । अतिसा दिपंकर र नारोपालाई मूख्य गुरु मानेर उत्तरी नेपालको लामाधर्ममा नयाँ सम्प्रदाय का-ग्र्यु-पाःको थालनी भएको थियो (खत्री, वि.सं. २०६० पृ. १०३) । यी ३ मध्ये तिलोपा र नारोपाले भगवान पशुपतिको वासस्थल क्षेत्र अत्यन्त पवित्र र यो क्षेत्रमा बसेर गरेको साधना सीघ्र सिद्ध हुने ठानी यो क्षेत्रलाई आफ्नो साधना स्थल वनाए । एघारौं शताब्दी भन्दा धेरै अगाडि देखि नै यहाँ बौद्ध साधकहरू आएर साधना गर्ने गरेका थिए भन्ने विभिन्न तथ्यहरूले देखाउँछन् । यो भूमी प्राचीन समय देखि नै बौद्धधर्मावलम्वीहरूको लागि पनि उत्तिकै आस्थाको केन्द्र थियो । हालका दिनमा चीन, तिब्बत र भारतबाट समेत बौद्धतीर्थयात्रीहरू यहाँ बाक्लो रूपमा दर्शन-पूजन गर्न आउने गरेका छन् ।

### नारोपा गुफा

वुद्धधर्मका अनुयायी, तात्कालीन समयमा बौद्ध धर्म र दर्शनका अतिरिक्त व्याकरण, तर्कशास्त्र, वेद-वेदान्त, धर्मशास्त्र, पुराण, ज्योतिष आदिको अध्यापन हुने नालन्दा विश्वविद्यालय (उही, पृ. १४८) मा अध्ययन गरेका, चौरासीसिद्ध मध्येका महासिद्ध नारोपाले यही गुफामा बसेर १२ वर्षसम्म साधना गरेको मानिन्छ । उनले आफु भन्दा बौद्ध शिक्षामा ज्यादा ज्ञान भएका तिलोपालाइ गुरु बनाउन तीव्र इच्छा गरी सफल पनि भए र उनलाई तिलोपाले पनि मूख्य शिष्यको रूपमा स्वीकारेको मानिन्छ । यो गुफामा नारोपा र सँगै रहेको अर्को गुफा (चित्र नं.५)मा तिलोपाले साधना गरेका थिए । यहाँ गुफा भित्र बलिरहेको दियोको सन्दर्भमा केही वर्ष अगाडि देखि नारोपाको मूर्ति अगाडि अखण्ड वत्ती बालिंदै आइएको कुरा गुफाका सेवक प्रेम विडारीले बताए (प्रत्यक्ष अवलोकन) ।

### तिलोपा/तिलरोपा गुफा

नारोपाका गुरु तिलोपाले साधना गरेको यो गुफा नारोपा गुफासँगै उत्तरतर्फ रहेको छ । वाहिरबाट हेर्दा नारोपा र तिलोपा गुफा जोर गुफा जस्तो देखिन्छ । आफ्ना मूख्य शिष्य नारोपा सहित भएर यहाँ तिलोपाले

साधना गरेका थिए। हाल यहाँ गुफा भित्र तिलोपाको मूर्ति र यसको अगाडि लिच्छविकालीन भव्य शिवलिङ्ग पनि रहेको छ (चित्र नं.७) (प्रत्यक्ष अवलोकन)।

## भैरवगुफा

सूर्यगुफा कै समानन्तर दक्षिणपट्टि जमिनबाट करीव १५ फीट उचाईमा, वाहिरबाट हेर्दा दोश्रो तला स्वरूपमा यो गुफा रहेको छ। अनुसन्धानको क्रममा त्यहाँ अनुसन्धानकर्ता पुग्दा साधनारत तपस्वी अवस्थित थिए (प्रत्यक्ष अवलोकन)। जमिनको तहका गुफा भन्दा माथिल्लो तहको यो गुफा पनि वस्नकालागि ज्यादै सजिलो प्रकृतिको रहेको छ (प्रत्यक्ष अवलोकन)। गुफा भित्र प्राचीन शिवलिङ्ग लगायत अरु देवीदेवताका मूर्तिहरू र सयौंको संख्यामा पुस्तकहरू राखिएको पुस्तकालय समेत रहेको छ।

## सूर्यगुफा/अघोरआश्राम

लहरै रहेका तिलोपा, नारोपा र सिद्धगुफाको माथिल्लो भाग नै सूर्यगुफा हो। यहाँ रहेका गुफाहरू मध्ये सवैभन्दा अग्लो स्थानमा रहेको यो गुफालाई अघोर आश्रम पनि भनिन्छ। जमिनबाट करीव १५ फीट उचाईमा यो गुफा रहेको छ। सयौं साधकहरूले साधना गरेको यो गुफा माथिल्लो तला स्वरूपमा उत्तर-दक्षिण फैलिएको लामो आकारमा वस्नकालागि ज्यादै सजिलो स्वरूपमा रहेको छ (प्रत्यक्ष अवलोकन)। यस गुफामा सबै भन्दा पहिला घामलाग्ने हुनाले यसको सूर्यगुफा नामाकरण भएको कुरा लामो समयदेखि गुफाहरूको रेखदेख गर्दै आएका सेवक प्रेम विडारी वताउँछन्।

## सिद्ध गुफा (जमिनमुनि)

सूर्यगुफाको ठीकमुनि जमिनबाट करीब तीनफीटको गहिराईमा रहेको यो गुफामा सयौं साधकहरूले साधना गरेको भएतापनि करीव एक दशक अगाडि बोल्ने पशुपति भनिने सिद्धबाबा बस्दथे। यो गुफामा एकताका त्यता टहल्ने ट्यापेहरूले बाबाले पैसा नदिए पछि त्यतै घुमी हिंड्ने लुरी नामकी महिला र सिद्धबाबालाई यही गुफामा बाहिरबाट थुनेर केही समयका लागि राखिदिएका कारण बाबालाई लुरीको पोई पनि भन्ने गरिएको कुरा ओम गुरु वताउँछन्। हाल यो गुफा फोहोर मैलाले पुरिएको बेवारिसे अवस्थामा रहेको छ (चित्र नं.४)। जमिनको सतह भन्दा गहिराईमा गुफा भएकाले अघि यहाँ साधकहरू रहँदा काठ स्याउलाआदिको बाहिरबाट छाना हाली गुफालाई घाम-पानीबाट संरक्षण गरिएको बुझिन्छ।

## भगवतीगुफा

तिलोपा गुफासँगै भगवती गुफा रहेको छ। वाहिर र भित्र गरेर दुईखण्डमा रहेको यो गुफा अरु भन्दा केही फराकिलो र आकर्षक रहेको छ। जसमा भित्री खण्ड प्राकृकिरूपमा नै सुत्न वस्न मिल्ने केही ठूलो आकृतिको र यसको बाहिर तर्फ फराकिलो क्षेत्रलाई ताछेर काटेर मिलाई जस्ताको छाना हालेर अझ फराकिलो बनाईएको छ (चित्र नं.८)। भित्री गुफामा आठवाहुकी सिंहवाहिनी भगवती र यिनको दुईतर्फ दायाँ हनुमान र वायाँ गणेशको मूर्ति राखिएको छ। यहाँ विगत २ दशक देखि अखण्ड वत्ती बालिंदै आईएको कुरा गुफाका सेवक प्रेम विडारीले बताए (प्रत्यक्ष अवलोकन)। पछिल्लो समय यहाँ पगलानन्द बाबा र डा.रामनाथ अघोरी बाबाले पनि लामो समय रहेर साधना गरेकाले उनीहरूको तस्विर पनि गुफा भित्र राखिएको छ (चित्र नं.९)।

गुफामा अनुसन्धानकर्ता पुग्दा गुरु भष्मेश्वरनाथ (४० वर्ष) सिकाउने र सिक्ने विद्यार्थी रामकृष्ण वि.क.(३६ वर्ष) ६ महिनादेखि हार्मोनियम सिक्ने र सिकाउने कार्यमा तल्लीन भेटिए (२०७५/०५/२६ दिउँसो दुईवजे)। हाल २०७८/१२/१७ मा गुफामा पुग्दा विगत १ वर्षदेखि कुनै वाद्यवादनको प्रशिक्षण नभएको तर १६ वर्ष देखि प्रत्येक आईतवार सम्पन्न गरिने भजनकीर्तनको कार्य अझ भीडका साथ सम्पन्न हुने गरेको गुफाका सेवक प्रेम विडारीले बताए। गुफा भित्र वाद्यवादनका सामग्रीहरू भने हाल पनि राखिएको छ (चित्र नं. ९)।

## साना ओडार आकृतिका गुफाहरू

बसेर ध्यानसम्म गर्न सकिने तर सुत्न नमिल्ने साना ओडार आकृतिका केही गुफाहरू पनि पशुपतिक्षेत्रमा रहेका छन् (चित्र नं.१०)। तिनीहरूलाई खोपेर, ताछेर माथिबाट केहीले छोपेर ठूलो बनाई वस्नयोग्य वनाउन सकिने देखिन्छ। विशेष तिथि र पर्वहरूमा यी लघु-ओडारहरूमा केही समयकालागि साधकहरू साधना गरेर जानेगरेको पनि पाइन्छ (प्रत्यक्ष अवलोकन)।

सूर्यघाट परिसरका गुफाहरूको सन्दर्भमा तत्कालीन पशुपति क्षेत्र विकाष कोषका सदस्य सचिव प्रदिप ढकाल यसो भन्नुहुन्छ- 'यस क्षेत्रको प्राचीन गरिमालाई पुनः जगाउनका लागि यहाँका गौरवमय इतिहास वोकेका गुफाहरू मरमत संभार गर्नुका अतिरिक्त ख्यातीप्राप्त साधकहरूको लागि उचित साधनास्थलको रूपमा स्तरउन्नती गरेर यो क्षेत्रलाई साधनामय, ध्यानमय र योगमय बनाउने योजना मुताविक यथाशिघ्र कार्य हुन गई रहेको छ।'

## २) मृगस्थली र भागलभुगल परिसरका गुफाहरू

पशुपतिनाथको ठीक पूर्वपट्टि मृगस्थलीको डाँडामा गोरखनाथवाट दक्षिण, विश्वरूपावाट पश्चिम हालको मृगवाटिकाभित्र सिद्धाचल क्षेत्रमा भागलभुगल स्थल रहेको छ र यहाँ भागलभुगल/कुरुक्षेत्रेश्वर नामक बेसर शैलीको लिच्छवीकालीन प्राचीन साधा शिवलिङ्ग पनि स्थापित छ।

साधनाका लागि मृगस्थली क्षेत्रको विशेष महत्त्व रहेको छ। यो क्षेत्रमा बसेर गरेको साधना सीघ्र सिद्ध हुनेहुँदा यो क्षेत्रलाई सिद्धाचल पनि भनिन्छ। यो क्षेत्रमा रुखका फेदमा, पूर्णकुटी वनाएर, खुलास्थानमा, आश्रममा जतासुकै रहेर साधना गर्न साधकहरू लालायित रहन्छन्। हाल यहाँ गुफा रहेको भनिएको स्थानमा भने गुफाको स्पष्ट अस्तित्व भेटिदैन। सम्म क्षेत्र भएकाले लामो समयको अन्तरालमा गुफा छोपिएको र पुरिएको हो कि भन्ने देखिन्छ। झाडी मात्र रहेको र जमिनको सतहमा गुफा जस्तो देखिने आकृति भने हालसम्म पनि रहेको छ। यो गुफा पाटनको मंगलबजार स्थित भिमसेन मन्दिर छेउमा खुलेको जनविश्वास रहेको पाइन्छ। यही स्थित गुफामा पाण्डुपुत्र युधिष्ठिरले गुप्तवासको अवसरमा केही समय व्यतीत गरी साधना गरेको मान्यता रहँदै आएको छ।

## ३) राजराजेश्वरी चार शिवालय परिसरमा रहेको गुफा

राजराजेश्वरीस्थित चार शिवालय प्राङ्गणको उत्तरी छेउमा अग्निहोत्रशाला नजिकै गुफा रहेको मान्यता रहदै आएको पाइन्छ। समतल भूमी रहेको यो परिसरमा हाल कुनै गुफाको प्रष्ट अस्तित्व नदेखिएतापनि त्यहाँ स्थित मन्दिर स्वरूपको लघु भवनको भित्र पट्टि गुफाको अस्तित्व रहेको कुरा त्यहाँका अग्निहोत्री पुजारी वताउँछन्। त्यहाँ गुफा रहेको कारणले नै लघु मन्दिर स्वरूप निर्माणगरि गुफाको संरक्षण गरिएको छ। हाल त्यहाँ स्पष्ट

महसुस गर्न सकिने गरी गुफाको चिन्हहरू केही पनि देखिदैन (प्रत्यक्ष अवलोकन) । उत्खनन गरेको खण्डमा गुफाको अस्तित्व भेट्न सकिने सम्भावना भने देखिन्छ ।

### ४) भुवनेश्वरी मन्दिर भित्रको गुफा

पशुपतिनाथ मन्दिर वाहिर पश्चिम तर्फ रहेको भुवनेश्वरी मन्दिर भित्रबाट भारतको कामरूप कामाक्ष सम्म पुग्ने गुफारूपी सुरुङमार्ग रहेको जनविश्वास रहँदै आएको छ । यही मार्ग प्रयोग गरेर प्राचीन समयमा उक्त मन्दिरका ठूला तान्त्रिक पुजारी वन्धुदत्त आचाजु कामरूप कामाक्षसम्म आउने जाने गर्दथे भन्ने जनविश्वास रहँदै आएको छ। त्यहाँ गर्भगृहसम्म गएर हेर्न नपाईने हुनाले भित्रको अवस्था देख्न सकिदैन र वाहिरवाट गुफाको कुनै प्रष्ट चिन्ह देखिदैन ।

## निष्कर्ष

मानव सभ्यताको शुरुवाती अवस्थामा सुरक्षाका खातिर मानिसहरू गुफामा रहनबस्न थाले । आवास निर्माण कलाको विकाससँगै मानिसले गुफा त्यागेर आवासगृहहरूमा वस्नथाले पनि गुफाहरू लाई साधकहरूले विभिन्न प्रयोजनमा धार्मिक कृयाकलापको स्थल बनाए । कलाकृति र प्राचीनताका दृष्टिले भारतका गुफाहरू संसार प्रसिद्ध छन् । नेपाल पनि पवित्र गुफाहरूको देश मानिन्छ र यहाँ हजारौंको संख्यामा यत्रतत्र छरिएर गुफाहरू रहेका छन् । काठमाडौँ उपत्यकामा सयौं र पशुपतिक्षेत्रमा दर्जनौंका संख्यामा गुफाहरू रहेका छन् । पशुपतिक्षेत्रमा आश्रम, कुटी, मठ, अखडा, पाटी, सत्तल आदिमा रहेर साधकहरूले यो भूमिलाई साधनामय, ध्यानमय र योगमय बनाए तापनि ठूला-ठूला साधकहरूका लागि गुफा सर्वप्रीय रह्यो । यहाँ महात्माहरू नेपाल भित्रका कुनाकाप्चाबाट मात्र नभई भारत, चीन र तिब्बत देखि आएर आ-आफ्नै गुरूपरम्पराबाट प्राप्त ध्यान एवं योगविधि अवलम्वन गरी वर्षौं-वर्ष साधना गरेर आफ्नो जीवनलाई सार्थक र धन्य वनाए । यही क्रममा यहाँका गुफाहरूमा विविध धर्म र सम्प्रदायका लाखौं साधकहरूले विगत देखि वर्तमान सम्म साधना गरेको पाइन्छ । विशेष गरेर औंशी, पूर्णिमा, विशेष तिथि र पर्वमा अझै पनि यहाँ साधकहरूको भिड लाग्ने गर्दछ। हालका दिनमा यी गुफाहरू केही निष्कृय र अव्यवस्थित समेत हुन गएकाले भौतिक पूर्वाधारमा स्तरोन्नति गर्नुको साथै विशिष्ठ साधकहरूलाई साधनाका लागि उचित सुरक्षा, सुविधा, शान्त वातावरण वनाएर आकर्षण गरी यो क्षेत्रलाई साधनामय, ध्यानमय र योगमय बनाउन जरुरी देखिन्छ। यसका लागि नेपाल सरकार, पशुपतिक्षेत्र विकास कोष, स्थानीय सरकार सबैको आवश्यकीय सहयोगमा कदम चाल्न ढिला भैसकेको देखिन्छ ।

## पशुपतिक्षेत्रका गुफाहरू सम्वन्धि चित्रहरू



चित्र नं. १ गुफाहरु सहित सूर्यघाट परिसर



चित्र नं. २ गुफाहरु तर्फ जाने मार्ग, सूर्यघाट परिसर



चित्र नं. ३ वासुकी गुफा र अनुसन्धानकर्ता, सूर्यघाट परिसर



चित्र नं. ४ सिद्धगुफा, सूर्यघाट परिसर



चित्र नं. ५ नारोपा (दायाँ) र तिलोपा (बायाँ) गुफा, सूर्यघाट परिसर



चित्र नं. ६ नारोपा मूर्ति र अखण्डवत्ति, गुफा भित्र, सूर्यघाट परिसर



चित्र नं. ७ तिलोपा मूर्ति र शिवलिङ्ग, गुफा भित्र, सूर्यघाट परिसर




चित्र नं. ८ भगवती गुफा, सूर्यघाट परिसर



चित्र नं. ९ भगवती गुफा भित्र वाद्यवादन, सूर्यघाट परिसर



चित्र नं. १० सानो ओडार, सूर्यघाट परिसर

## सन्दर्भ सामग्रीसूची

अग्रवाल, वासुदेवशरण (२०१५), *भारतीय कला,* वाराणसी : पृथिवी प्रकाशन ।

अधिकारी, एकराज (वि.सं. २०७३), *आवाल ब्रम्हचारी षडानन्दः बहुआयामिक व्यक्तित्व.* काठमाडौँ : आवाल ब्रम्हचारी षडानन्द प्रतिष्ठान ।

खत्री, प्रेम कुमार (वि.सं. २०६०), *नेपालका धार्मिक मत र सामाजिक संरचना.* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीबयुटर्स भोटाहिटी ।

*पशुपति क्षेत्र विकास कोषको गुरुयोजना (वि.सं.२०७७),* काठमाडौँ : पशुपति क्षेत्र विकास कोष ।

पोखरेल, निर्मला (वि.सं. २०७२), *नेपाल परिचय.* काठमाडौँ : मकालु प्रकाशन गृह ।

पोखरेल, निर्मला र खनाल सन्ध्या (वि.सं.२०७७), *पाशुपत क्षेत्रको साँस्कृतिक सम्पदा मूर्त अमूर्त,* काठमाडौँ : पशुपतिक्षेत्र विकास कोष ।

वज्राचार्य, धनवज्र (वि.सं. २०५३), *लिच्छविकालका अभिलेख,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र (वि.सं. २०६८), *पूर्वमध्यकालका अभिलेख,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रीवास्तव ए.एल. (१९९०), *भारतीय कला,* नई दिल्लीः के.एम.एजेन्सिज, प्राईवेट लि. ।

*अन्तर्वार्ता लिएका व्यक्तिहरूको नामावली ।*

ओमप्रसाद दाहाल, वर्ष ६२, (ओम गुरु), पशुपति परिसरमा भक्तालुहरूको पूजापाठ सम्पन्न गर्ने पंडित (२०७५/०५/२६) ।

गुरु भष्मेश्वरनाथ, वर्ष ४०, भगवती गुफामा वस्दै आएका सन्त, (२०७७/०५/२० दिउँसो दुईवजे) ।

प्रदिप ढकाल, वर्ष ४८, सदस्य-सचिव, पशुपति क्षेत्र विकास कोष (२०७७/१२/२ ) ।

हस्त कुमारी खड्का, वर्ष ६६, स्थानीय खुद्रा-व्यापारी, चोभार गल्छीक्षेत्र (२०७७/१०/२ ) ।

रामकृष्ण वि.क., वर्ष ३६, भगवती गुफामा बसेर वाद्यवाधन सिक्ने विद्यार्थी (२०७५/०५/२६ दिउँसो दुईवजे) ।

प्रेम विडारी, वर्ष २९, सूर्यघाट परिसरका आश्रम र गुफाहरूका सेवक (२०७८/१२/१२ ) ।